# मिति २०८१ चैत्र १४ गतेको ४२ औं कार्यपालिका बैठकका निर्णयहरु

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बसन्तपुर,चितवन बागमती प्रदेश,नेपाल २०७३

**प्रस्तावहरु:**

१) अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।

२) चितवन उद्योग संघमा स्टल प्रबर्धन सहयोग गर्ने सम्बन्धमा।

३) माडी नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका व्यवस्थापन कार्यविधि, २०८१ सम्बन्धमा।

४) बघौडा अस्पतालमा कार्यरत अ.न.नि. श्री समिता थनैतलाई तलबी अध्ययन विदा दिने सम्बन्धमा।

५) नगर प्रहरी व्यवस्थापन सम्बन्धमा।

६) पोष्टमार्टमका लागि गाडी भाडा सम्बन्धमा।

७) जग्गा वर्गिकरण सम्बन्धमा।

८) विविध।

**निर्णयहरु:**

१) अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा बैठकमा छलफल गरियो। साथै उक्त निर्णयहरुको कार्यान्वयन को अवस्था सन्तोषजनक रहेको पाइयो।

२) चितवन उद्योग संघको प्रदर्शनी केन्द्रमा २०८१ चैत्र १४ गतेदेखि चैत्र १८ गतेसम्म सञ्चालन हुने "नवौं अन्तराष्ट्रिय औद्योगिक प्रदर्शनी, २०८१" मा स्टल प्रबर्धन सहयोग गर्ने सम्बन्धमा माडीमा रहेका उद्यमीहरु ले उत्पादन गरेको विशिष्टकृत उत्पादनलाई प्रोत्साहन एवम् प्रबर्धन हुने गरी एक स्टलको प्रवर्धन सहयोग उपलब्ध गराउने र सोको व्यवस्थापन उद्योग संघ, माडीले गर्ने निर्णय अनुमोदन गर्ने।

३) माडी नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८१ माथी दफावार छलफल गरी तत्काल लागु हुने गरी स्वीकृत गरियो।

४) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५९ को उपदफा (१) र उपदफा (४), चिकित्सा शिक्षा आयोगको Category Wise Result, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको च.नं. ङ/३१६/०१ मिति २०८१।११।२५ को पत्र समेतका आधारमा माडी नगरपालिका अन्तर्गतको बघौडा अस्पतालमा कार्यरत अ.न.नि. श्री समिता थनैतको अध्ययन विदा स्वीकृत गर्ने।

५) नगर प्रहरी व्यवस्थापनका सम्बन्धमा स्थानयि सरकार सञ्चालन ऐन, २०७४ र माडी नगरपालिका चितवनको नगर प्रहरी गठन तथा सञ्चालन कार्यविधि, २०७७ तथा नगरपालिकाको स्वीकृत O&M अनुसार नगर प्रहरीको आवश्यकता र औचत्यता बारे थप अध्ययन गर्ने।

६) माडी क्षेत्रमा पोष्टमार्टम सेवा नभएको हुँदा पोष्टमार्टम गर्न भरतपुर लैजानु पर्ने अवस्थामा लास ढुवानी साथै पोस्टमार्टम गर्ने प्रयोजनार्थ प्रति पटकको गाडी भाडा वापत कुल जम्मा रकम रु.१०,०००।- (अक्षेरुपी दश हजार रुपैयाँ मात्र) उपलब्ध गराउने।

७) जग्गा वर्गीकरणको सम्बन्धमा विज्ञ परामर्शदाता मार्फत् भूउपयोग (दोस्रो संशोधन) नियमावली, २०८१ अनुसार भूउपयोग क्षेत्र वर्गीकरण गर्ने गरी कार्य प्रक्रिया तत्काल बढाउने।

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमाणित
२०८१/१२/१४
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

माडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

८ विविध

८.१ टोल विकास संस्थाको क्षमता विकास गर्न अविलम्ब प्रशिक्षण को व्यवस्था मिलाउने।

८.२ स्वास्थ्य संस्थाहरुको सेवा प्रभावकारिताका सम्बन्धमा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई थप परिचालन गर्ने। सामाजिक विकास समितिको भूमिकालाई सशक्त बनाउने। आधारभूत स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न प्रभावकारी कार्यक्रम संचालन, अनुगमन र मूल्यांकनका लागि सामाजिक विकास समितिले कार्ययोजना बनाई कार्य अगाडी बढाउने

८.३ नवप्रबर्तन कोष साझेदारी कार्यक्रममा सहभागीताका लागि आर्थिक विकास समिति तथा सामाजिक विकास समितिले छलफल गरी ५ दिनभित्र कार्यक्रम पेश गर्ने।

८.४ बाल्मिकी आश्रममा खरको छानो विस्थापन तथा बालबालिका एवं प्रौढहरुको शिक्षा ब्यवस्थापन सम्बन्धमा अध्ययन गरी सामाजिक विकास समितिले प्रतिवेदन पेश गर्ने।

८.५ सोमेश्वरमौरी पालक कृषक समूहले पेश गरेको निवेदन अनुसार मह प्रशोधन केन्द्र स्थापनाका लागि आबश्यक बजेट ब्यबस्थापन गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने।

८.६ खोरेतमुक्त सेतो माडी अभियानलाई नगरपालिकाको उत्पादन सम्बद्ध गौरवको आयोजनाको रुपमा अघि बढाउने सम्बन्धमा अवधारणा पत्र तयार गर्ने एवं कार्यक्रम मागका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने।

८.७ नगर सडक यातायात गुरुयोजना तथा राजश्व सुधार कार्ययोजनाको नियमानुसार प्रक्रिया तत्काल अगाडि बढाउने।

८.८ नगर शिक्षा समितिको मिति २०८१।१२।१२ को बैठकले सिफारिस गरे बमोजिम कार्यविधिको मस्यौदा विधेयक समितिले आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

८.९ प्राथमिकताका आधारमा वडा कार्यालयहरुबाट सिफारिस भइ आएका निम्नानुसारका योजनाहरु सम्बन्धित कार्यालयमा माग सहित सिफारिस गर्ने निर्णय गरियो।

**वडा नं. २**

वडा नं. २ र वडा नं. ४ जोड्ने मझुवा स्थित चिताई खोलामा पक्की पुल निर्माण गर्ने।

नयाँपर्सा स्थित भ्यागुते खोलामा जग्गा नापजाँच गरी खोला घरानको सही ठाउँ परिचालन गरी खोला खोल्ने र दोहोरो तटबन्धन गरी कल्भर्ट निर्माण गर्ने।

**वडा नबर ४**

घोषरी खोला तटबन्धन र मगइ खोला तटबन्धन।

दुर्गा मन्दिर देखि एकतास्तम्भ हुँदै गँगटे खोलासम्म पिच बाटो।

**वडा न.- ५**

मिलन चोक देखि शक्तिराम खेल मैदान हुदै ब्रहमज्योति बिधालय हुदै रामबन्धु पोख्रेलको घरसम्मको बाटो कालोपत्रे।

पिपरिया गाँउ देखि चिरन्जिबीको घर हुदै रमाइलोडाँडा सम्मको बाटो कालोपत्रे।

शक्तिराम मार्ग हुदै बाँदरमुढे खोला किनार हुँदै क्रशर सम्मको बाटो कालोपत्रे।

तिलक स्मारक पार्कको कम्पाउन्डिंग।

**वडा नं. ७**

किर्तनपुर बजार हुलाकी सडक देखि ठकुरी चोकसम्म कालोपत्रे।

भेटेरिनरी चोकदेखि पतरे खोलासम्म सडक कालोपत्रे।

दिवानगर स्कुल देखि पश्चिम मगर गाउँसम्म सडक कालोपत्रे।

बालबिकास बोर्डिङ्ग स्कुल देखि पतरेखोला सम्म सडक कालोपत्रे।

**वडा नं. ८**

गौतम नालामा पक्की बक्स कल्भर्ट निर्माण।

बैकुण्ठ ताल जाने बाटो पक्की ढलान।

श्री जनजीवन मा.वि. खरकट्टाको पुरानो भवन भत्काइ सोही स्थानमा ८ कोठे भवन निर्माण।

निर्णय प्रमाणित
२०८१।१२।१६

तारा कुमारी काजी महतो
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

CamScanner